**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०८ जनवरी २०२६**
**समयः १८:५० – १६:०० बजे**

- कोलकोतामा प्रतिक जैनको आई पैड कम्पनीमा ईडीको छापा मुख्यमंती ममता ब्यानार्जी पुगिन छापामारी भएको ठाउ तथा दस्तावेजहरु आफुसित लागिन ।
- भाजपाका राष्टीय अद्यक्ष जे पी नडडाले आज कोलकोतामा पार्टी राज्य समितीसग बैठक गर्दै हुनुहुन्छ ।
- सिलीगुड़ी महकमाको भजनपुरमा आबकारी विभागले ठूलो सफलता हासिल गरेको छ ।
- मिरिक महकुमा शासक कार्यालय अनि मिरिक नगरपालिकाको सयुक्त आयोजनामा आगमी १५ जनवरीमा नशा मुक्ति भारत अभियान कार्यक्रम मिरिक झील परिसरमा आयोजना गरिने भएको छ।
- पश्चिम बंगालमा जाड़ो लगातार बदीरहिको छ। उत्तरदेखि दक्षिणसम्मका मानिसहरूले कठ्याङ्ग्रिने जाड़ोको सामना गरिरहेका छन्।

**(ईडी)**

प्रवर्तन निदेशालय (ईडी) ले बिहान पश्चिम बंगाल सरकारलाई परामर्श दिने राजनीतिक सल्लाहकार संस्था आई–प्याकको साल्ट लेक सेक्टर–V स्थित कार्यालय तथा यसको संस्थापक प्रतीक जैनको निवासमा छापा मारेको छ। एजेन्सी स्रोतका अनुसार, दिल्लीबाट आएको ईडीको विशेष टोलीले यो कारबाही गरेको हो। यो छापा दिल्लीमा दर्ता भएको पुरानो कोइला तस्करी प्रकरणसँग सम्बन्धित बताइएको छ। छापेमारीको खबर पाउनासाथ दिउँसो मुख्यमन्त्री ममता ब्यानर्जी अचानक प्रतीक जैनको निवासमा पुग्नुभयो। मुख्यमन्त्री पुग्नुभन्दा करिब पाँच मिनेटअघि कोलकाता पुलिस आयुक्त मनोज वर्मा पनि घटनास्थलमा उपस्थित थिए। यसैबीच मुख्यमन्त्री ममताले यस कारबाहीलाई राजनीतिक षड्यन्त्रको संज्ञा दिँदै केन्द्रिय गृहमन्त्री अमित शाहमाथि तीखो आक्रमण गर्नुभयो। उहाँले भन्नुभयो “दुर्भाग्यवश हाम्रो आईटी सेलको कार्यालयलाई निशाना बनाइयो र सबै हार्ड डिस्क जफत गर्ने प्रयास गरियो। यो योजनाबद्ध राजनीतिक रणनीतिको हिस्सा जस्तो देखिन्छ।” यसको साथमा उहाँले, अमित शाह देशको सुरक्षा गर्नसमेत असफल गृहमन्त्री रहेको आरोप लगाउनु भयो।

ईडीको कारबाहीको खबर फैलिनासाथ राज्यको राजनीतिमा हलचल तीव्र भएको छ। सत्तारूढ तृणमूल कांग्रेस र राज्य प्रशासनभित्र पनि व्यापक चर्चा सुरु भएको छ। प्रतीक जैनलाई राज्यको राजनीतिक र प्रशासनिक वृत्तमा प्रभावशाली व्यक्तित्वका रूपमा हेरिन्छ। उनी पटक–पटक नवान्नमा मुख्यमन्त्रीसँग भेटघाट गरिसकेका छन्। विधानसभा चुनाउअघि आई–प्याक सरकार र सत्तारूढ दलबीच विशेषगरी कल्याणकारी योजनाहरूको कार्यान्वयनमा महत्वपूर्ण सेतुका रूपमा काम गर्दै आएको मानिन्छ।

यसका साथै आई–प्याक वरिष्ठ नोकरशाहहरूसँग नियमित सम्पर्कमा रहन्छ र तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक बनर्जी तथा उनको कार्यालयसँग पनि नजिकबाट सहकार्य गर्छ। विधानसभा चुनाउमा उम्मेदवार चयनदेखि सम्पूर्ण चुनावी रणनीतिसम्म आई–प्याकको महत्वपूर्ण भूमिका रहने विश्वास गरिन्छ।

उल्लेखनीय छ, सन् २०१४ को लोकसभा चुनावअघि स्थापना गरिएको आई–प्याकका संस्थापक प्रशान्त किशोर सन् २०१९ को लोकसभा चुनाउपछि तृणमूल कांग्रेस र बंगाल सरकारसँग काम गर्दै आएका छन्। आई–प्याकले २०२१ को विधानसभा चुनाउमा पार्टीलाई भारी बहुमतसहित पुनः सत्तामा ल्याउन तथा २०२४ को लोकसभा चुनाउमा पनि महत्वपूर्ण भूमिका खेलेको मानिन्छ।

**भाजपाले ममता बनर्जी**

भारतीय जनता पार्टी (भाजपा), पश्चिम बंगालले हालै प्रवर्तन निर्देशनालय (ईडी) को छापा मार्ने सम्बन्धमा मुख्यमन्त्री ममता बनर्जीको बयानको कडा टिप्पणी गरेको छ। बिहीबार साँझ एक आधिकारिक विज्ञप्तिमा, भाजपाले मुख्यमन्त्रीको टिप्पणीलाई ध्यानमा राख्दै, केही तथ्यहरू सार्वजनिक गर्न आवश्यक रहेको, जुन ईडीले आधिकारिक रूपमा स्पष्ट पारेको बताएको छ। भाजपाका अनुसार, प्रवर्तन निर्देशनालयले स्पष्ट पारेको छ, यी सबै छापा मार्ने कार्य प्रमाणमा आधारित छन् र अवैध कोइला तस्करी मुद्दासँग सम्बन्धित छन्। ईडीले हाल पश्चिम बंगालमा छ र दिल्लीमा चार गरी जम्मा १० स्थानमा खोजी भइरहेको बताएको छ। एजेन्सीका अनुसार, खोजी भइरहेको परिसर अवैध नगद उत्पादन, हवाला लेनदेन र यस मुद्दासँग सम्बन्धित अपराधको आयसँग सम्बन्धित छ।

**सिलीगुड़ी आबकारी**

सिलीगुड़ी महकमाको भजनपुरमा आबकारी विभागले ठूलो सफलता हासिल गरेको छ। बिहान सबैरै सिलिगुडी–नेपाल सीमा क्षेत्रमा नाका खानतलासीका क्रममा एउटा लरी रोकेर ३५४० बोतल अवैध मदिरा बरामद गरिएको थियो। मदिरा सिक्किमबाट बिहारसम्म ओसारपसार गर्ने योजना थियो। रक्सीको अनुमानित मूल्य ६७ लाख रहेको छ भने लरीसहित कुल मूल्य ९१ लाख भारु रहेको बताइएको छ। अहिले आबकारी विभागले सम्पूर्ण तस्करी सञ्जालको अनुसन्धान गरिरहेको छ।

**मिरिक**

मिरिक महकुमा शासक कार्यालय अनि मिरिक नगरपालिकाको सयुक्त आयोजनामा आगमी १५ जनवरीमा नशा मुक्ति भारत अभियान कार्यक्रम मिरिक झील परिसरमा आयोजना गरिने भएको छ। उक्त अभियानलाई सफल बनाउन मिरिक नगरपालिका कार्यालयमा मिरिक नगरपालिका अध्यक्ष एलबी राईको अध्यक्षतामा एउटा सभा गरियो। जसमा मिरिक महकुमाका डीएमडीसी, मिरिक नगरपालिकाका एक्जेक्युटिभ अफिसर, सामाजिक कार्यकर्ताहरू, मिरिक पन्चायत समिति सदस्य, जनसम्पर्क अधिकारी लगायत मिरिक ब्यावसाय संगठन, मानव अधिकार संगठन, बह्मकुमारी इश्वरीय विध्यालय, भूतपूर्व सैनिक संगठन, घर-घर लाहुरे संगठन, कृष्णनगर क्लब, मिरिक कराँते डा ो एशा ेसिएशन आदिका प्रतिनिधिहरू उपस्थित थिए। कार्यक्रममा नशा मुक्ति भारत अभियान अन्तर्गत ड्रग्स विक्री वितरण विरूद्ध अभियान, सचेतना कार्यक्रमसहित मिरिक पर्यटन केन्द्रलाई सुन्दर र ब्यवस्थित राख्ने विषयमा सफाई अभियान चलाइने भएका ो छ।

**आगनबाडी**

सरकारद्वारा आगनबाडी केन्द्रहरुमा खाना पकाउने ग्यासको व्यवस्था गरेको भए पनि ग्यास राख्ने टेबल लगायतको पुर्वाधार भने समयमा नभएकोले आगनबाडी केन्द्रहरुमा कार्यरत कर्मचारीहरु समस्यामा परेको गुनासो उठेको छ। यसैलाई ध्यानाकर्षण गर्दै हिल तराई आगनबाडी कर्मी-सहकर्मी सगठनले हिजो दार्जिलिङ पुलबजार खण्ड बिकास अधिकारीलाई उनैको कक्षामा सौहार्दपुर्ण भेटघाट गर्दै यसबारेमा ध्यानाकर्षण गराएका छ। सगठनकि केन्द्रीय अध्यक्ष  पुस्प लामाको नेतृत्वमा गएको टोलीले पहाडभरका केन्द्रहरुमा ग्यास टेबल अथवा स्लाप समयमा नबिएकोले आगनबाडी कर्मीहरुले समस्या भोग्नुपरीरहेको बताएकी छन। यसैका साथै टोलीले सम्बन्धित निकायले यसबारेमा गम्भीर ध्यानाकर्षण गर्दै यथाशीघ्रको बनाइदिने माग समेत खण्ड बिकास अधिकारी मार्फत गरिएको भेटघाटपछि पुस्प लामाले बताइएकि छन।

**बालिका विद्यालय**

सिलगढ़ी उच्च बालिका विद्यालयमा आज खाद्य मेला आयोजना गरियो। आफ्नो हातले पकाएका स्वादिष्ट व्यञ्जनहरूको साथमा छात्राहरूलाई पूर्ण उत्साह एवं आनन्दमय देखियो। सरकारी दिशानिर्देश अनुसार 2-देखि 8 जनवरीसम्म सबै विद्यालयहरूमा 'स्टुडेण्ट वीक' मनाउने निर्देश दिइएको थियो। सोही अनुरूप सिलगढ़ी उच्च बालिका विद्यालयमा गत 2 जनवरीदेखि विभिन्न

शैक्षणिक एवं सांस्कृतिक कार्यक्रमहरूको शुरूआत भयो। स्टुडेण्ट वीकको अन्तिम दिन एघारौं र बाह्रौं श्रेणीका छात्राहरूद्वारा तयार पारिएका विभिन्न प्रकारका व्यञ्जनहरूको साथमा खाद्य मेला सम्पन्न भयो।

**खरसाङ**

खरसाङ खण्ड अन्तर्गत घैयाबारी एक ग्राम पञ्चायतको गिध्द पहाडस्थित गिध्द पहाड सुस्वास्थ्य केन्द्रमा सभासद जीटीएको स्वास्थ्य एवं परिवार कल्याण विभागको एमओडी सभासद श्याम शेर्पाले भ्रमण गरेका छन्। उनीसितै घैयाबारी एक ग्राम पञ्चायतका़ उप प्रधान आशिष छेत्री, खरसाङ ईन्जिनियरिङ विभागका़ एई नारायण छेत्रीले संयुक्त रुपमा भ्रमण गरेका गरेका थिए। उक्त सेन्टरका़ कमिटी हेल्थ अफिसर फुर्दीकी शेर्पाले सभासद श्याम शेर्पा समक्ष उक्त स्वास्थ्य केन्द्रबारे सम्पूर्ण जानकारी गराइन्। उनले उक्त केन्द्रबाट जनताले स्वास्थ्य विषयमा पाउने सुविधाहरुबारे जानकारी गराइन् साथै स्वास्थ्य केन्द्रमा रहेको समस्याहरुबारे पनि जानकारी गराइन्। यस निरीक्षण भ्रमणबारेमा सभासद श्याम शेर्पाले आफुले यस सुस्वास्थ्य केन्द्रको निरीक्षण गरेको अनि खरसाङ ईन्जिनियरिङ विभागको ईन्जिनियरद्वारा नापजोख गराइएको पनि बताए। उनले यस विषयमा जीटीए प्रमुखलाई जानकारी गराउने अनि समाधान निकाल्ने जानकारी गराएका छन्।

**अग्निवीर**

गत बर्ष डिउटीकै अवधी सैन्य वाहन दुर्घटनामा परी ज्यान गुमाएका भारतीय सेनाका अग्निवीर प्रयास गुरुङको बिजनबारी अग्नि शमन केन्द्र नजिकै चिल्ड्रेन पार्क बिजनबारीमा शालिक अनावरण गरियो। कार्यक्रममा जीटीए कृषि विभागीय सभासद सतिश पोख्रेल, दार्जिलिङ पुलबजार खण्ड पन्चायत समिति सह सभाधिपती पेम्बा मोक्तान, माकपा नेता के बी वातर, टीए (TA) का अधिकारीगण भुतपुर्व सैनिक सगठनका प्रतिनिधिहरु सगै बिजनबारी क्षेत्रका विभिन्न सघसस्था समाजका प्रतिनिधिगण, सैनिकका परिवार लगायत सर्वसाधारण मानिसहरुको बिशेश उपस्थिती थियो। देशभक्तीपुर्ण वातावरणमा आयोजित कार्यक्रममा बिधाज्योती अग्रेजी बिधालयका विद्यार्थीहरुले विभिन्न धुनहरु बजाएर अझै देशभक्ती वातावरणको सिर्जना गरेका थिए भने कार्यक्रमको रौनक अझै बढाए।

**रंगबुल**

रंगबुल ग्राम पञ्चायतको आयोजनामा जिरो वेस्ट म्यानेजमेन्ट विषयमा प्रथमपल्ट कार्यशाला आयोजना गरिएको छ। 460 पुलको अजम्बरी सार्वजनिक भवनमा सम्पन्न भएको कार्यक्रममा रंगबुल ग्राम पञ्चायत प्रधान योजना सुब्बा सचिव कमल लामाको बिशेष उपस्थिति थियो। पञ्चायतले टीडीसित मिलेर जीरो वेस्ट विषयमा सचेतना कार्यक्रमको आयोजना गरेको छ। यस अवसरमा रंगबुल ग्राम पञ्चायतले टीडीसित मिलेर 20 वटा परिवारहरुलाई टीडीमा पञ्जीकरण गराएर जीरो वेस्टको आन्दोलनमा सहभागी गराइएको जानकारी प्राप्त भएको छ। यसको साथै टीडीसित मिलेर रंगबुल ग्राम पञ्चायतलाई जीरो वेस्ट ग्राम पञ्चायत घोषणा गरिने लक्ष्य रहेको बताइएको छ।

**कृषि औजार प्रदान**

खण्ड कृषि विभाग दार्जिलिंग पुलबजार साथै जीटीए-को संयुक्त तत्त्वधानमा कृषकहरूलाई लिएर विभिन्न प्रकारको कृषि औजार प्रदान गरिएको छ। जीटीए कृषि विभागीय सभासद सतिश पोखरेलको प्रमुख उपस्थितिमा सम्पन्न कृषि फार्म बिजनबारीमा भएको कार्यक्रममा डिपुटी डाइरेक्टर कृषि विभाग दार्जीलिङका पार्थ रोय, सहकृषि निर्देशक रापदेन भुटिया, सहकृषि निर्देशक दार्जीलिङ पुलबजार खण्ड बिजनबारीका धिरेन क्षेत्री, खण्ड प्राविधि अधिकारी निङ्गमा शेर्पा आदिको विषेश उपस्थिति रहेको थियो़ ।कार्यक्रममा कृषकहरूले कृषि विभागबाट सब्सिडीमा कुन कुन प्रकारको कृषि औजारहरू पाउन सकिन्छ भन्नेबारेमा जानकारी साथै विभागमा चलिरहेको विभिन्न योजनाहरू साथै कृषि औजारको महत्वबारे उपस्थित अधिकारीहरुले कृषकहरूलाई जानकारी दिएका छन। कार्यक्रममा कृषकहरूलाई जम्मा 46 भन्दा धैरै कृषि औजारहरू प्रदान गरिएको थियो।

**मौसम**

पश्चिम बंगालमा जाड़ो लगातार बदीरहिको छ। उत्तरदेखि दक्षिणसम्मका मानिसहरूले कठ्याङ्ग्रिने जाड़ोको सामना गरिरहेका छन्। कोलकातामा पनि हाड़ कँपाउने चिसो महसूस गरिँदैछ। न्यूनतम तापमान लगभग 10 डिग्री पुगेको छ। मौसम विभागले आज बिहान आफ्नो आधिकारिक बयानमा केही जिल्लाहरूमा शीतलहरलाई लिएर सतर्क जारी गरिएको छ। पूर्वानुमान मुताविक आगामी चार दिनसम्म राज्यका अधिकांश भागमा तापमान सामान्यभन्दा दुई-चार डिग्री सेल्सियस कम रहनसक्छ। दक्षिण बंगालमा आगामी तीन दिनसम् दिनको तापमान सामान्यभन्दा तीन-पाँच डिग्री कम रहने सम्भावना छ। उत्तर बंगालमा दिनको तापमानमा चार-छः डिग्री सेल्सियससम्म घट्नसक्छ अर्थात आगामी केही दिनसम्म दुवै बंगालमा औधी चिसो हुनेछ।

**सुकुना गोल्ड कप**

सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्वधानमा अनि युवा मामिला एवं खेलकुद विभाग जीटीएको सहयोगमा आयोजित 19औँ सुकुना गोल्ड कप फुटबल टोर्नामेन्टको आज चौँथो म्याच खेलियो। आजको म्याच DSM, Siliguri बनाम नर्थ बेङ्गल आर्म पुलिस बीच सम्पन्न भयो। जसमा 1 को विरुद्ध 2 गोल गरेर DSM, SILIGURI टुर्नामेन्टको अघिल्लो चरणमा प्रवेश गरेको छ भने नर्थ बेङ्गल आर्म पुलिसको सुकुना गोल्ड कपको 19औँ संस्करणको यात्रा समाप्त भएको छ।

****** o ******